कन्सोर्टियम-नेपाल
Consortium Nepal

बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समुह

# मासिक कार्यसम्पादन पत्र

**अगष्ट, २०२४**

**वर्ष : ३, अंक : ८**

## अगष्ट २०२४ मा सम्पन्न भएका गतिविधिहरु

### १. तेस्रो राष्ट्रिय बाल सहभागिता दिवसको अवसरमा प्रारम्भिक वर्षका बालबालिकाको सहभागिता सम्बन्धी संवाद




९ अगस्ट २०२४ मा, कन्सोर्टियम नेपालले तेस्रो राष्ट्रिय सहभागिता दिवसको अवसरमा प्रारम्भिक उमेरका बालबालिकाको सहभागिता सम्बन्धि संवाद आयोजना गरेको थियो । कार्यक्रमको मुख्य उदेश्य प्रारम्भिक उमेरमा बालबालिकाहरुको सहभागिता बारे छलफल गर्नु रहेको थियो । कार्यक्रममा विभिन्न सञ्जालका अगुवाहरू, विकास साझेदारहरू, बालबालिकाहरूले प्रारम्भिक उमेरमा बालबालिकाको सहभागिताका सम्बन्धमा आफ्नो अमुल्य सुझावहरू उपलब्ध गराएका थिए । कार्यक्रमको प्रस्तोता डा मिनाक्षी दाहाल र प्रमुख वक्ता डा दीपु श्रेष्ठ द्वारा प्रारम्भिक उमेरका बालबालिकाको सहभागिता सम्बन्धि भनाइहरु राखेका थिए । कार्यक्रमको संचालन महासचिव अनिता पाण्डेद्वारा गरिएको थियो । कन्सोर्टियम नेपालका अध्यक्ष सन्तोष महर्जनले कार्यक्रमको उद्देश्य माथि प्रकास पर्दै सहभागीहरुलाई स्वागत गर्नुभएको थियो । कार्यक्रमको उद्देश्यहरू साझेदारी गर्दै डा मिनाक्षी दाहालले साना बालबालिकाको सहभागिता सक्षम बनाउने र सहभागितालाई कसरी अगाडी लैजान सकिन्छ भन्ने विषयमा चर्चा गर्नुभएको थियो । प्रस्तुति पछि छलफलका क्रममा उपस्थित सहभागीहरूले प्रारम्भिक वर्षहरूमा बालबालिकाको सहभागिताका सम्बन्धमा आफ्नो विचार राखेका थिए । यस्तै डा. दिपु शाक्यले बाल्यकालमा बालबालिकाको सहभागिता सम्बन्धी धारणा र तथ्य प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमको अन्त्यमा कन्सोर्टियम नेपालका उपाध्यक्ष प्रदिप लामिछानेले समापन मन्तव्य राखेर कार्यक्रमको समापन गर्नुभएको थियो ।



### २. सरोकारवालाहरुसंगको अन्तरक्रिया कार्यक्रम सम्पन्न



१३ अगस्ट २०२४, नेपाल अति कम विकसित मुलुक बाट विकासशिल मुलुकमा प्रवेश गर्दा




बालबालिकाहरुमा के कस्ता असरहरु एवं अवसरहरु पर्न सक्छ भन्ने विषयलाई छलफल गर्नका निम्ति कन्सोर्टियम-नेपालले सरोकारवालाहरुसँगको अन्तरक्रिया आयोजना गरेको छ । कार्यक्रममा सरकारी निकायका प्रतिनिधि, विकास साझेदार संस्था, नागरिक समाजका प्रतिनिधिहरु तथा राष्ट्रिय बाल पैरवी परिषद्का सदस्यहरुको पनि उपस्थिति रहेको थियो । यस सरोकारवाला बैठकले नेपाल अतिकम विकसित देशको श्रेणी पार गर्दै गर्दा बाल अधिकारको क्षेत्रमा के-कस्ता अवसर र चुनौतीहरु सिर्जना हुनसक्दछ र आउने दिनमा कसरी अगाडी बढ्न सकिन्छ भन्ने विषयमा छलफल केन्द्रित रहेको थियो । कार्यक्रममा कन्सोर्टियम नेपालका अध्यक्ष सन्तोष महर्जनले स्वागत मन्तब्य राख्दै उद्देश्य माथि प्रकाश पर्नु भएको थियो । यस कार्यक्रमको संचालन कन्सोर्टियम नेपालको सचिव निरिजना भट्टले गर्नु भएको थियो । यस्तै कार्यक्रममा नेपाल अतिकम मुलुक बाट विकाशसिल मुलुकमा जादै गर्दा बालबालिकामा कस्तो असर पर्छ भन्ने विषयमा डा. गिरिधरि शर्माले आफ्नो प्रस्तुतीकरण दिनुभएको थियो । यस्तै LDC Graduation को वर्तमान स्थिति बारे जनार्दन बराललले प्रस्तुतीकरण दिनुभएको थियो ।

आफ्नो प्रस्तुतिको क्रममा डा गिरिधरि शर्माले नेपाल स्तरउन्नती हुँदा पर्ने असर हरुमा विकास सहायता, अन्तरिक बृद्धि र रोजगार, अन्तराष्ट्रिय सभा सम्मेलनमा सहभागिता, प्रविधि हस्तान्तरण तथा संयुक्त राष्ट्र संघलाई नेपालले दिने योगदानहरुको बारेमा चर्चा गर्नुभएको थियो । प्रस्तुतिलाई अगाडी बढाउने क्रममा स्तरउन्नती हुँदाका फाइदाहरु तथा सहज संक्रमण रणनीति र नेपालले गर्नुपर्ने तयारी कार्यहरुको बारेमा बताउनु भएको थियो ।

साथै कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य माननीय गीता कुमारी पौडेल, गैरसरकारी संस्था महासंघका अध्यक्ष राम सुवेदी, एनएसीजीका अध्यक्ष किरण थापाले आफ्नो महत्वपर्ण भनाईहरु राख्नु भएको थियो । यस कार्यक्रममा वक्ताको रुपमा डा अर्जुन कार्कीले आफ्ना भनाइहरु राख्नु भएको थियो । उँहाले एलडीसी अवस्थाबाट उत्तीर्ण भएका अन्य देशबाट सिकेका पाठ र नेपालले अपनाउन सक्ने रणनीतिहरूको बारेमा चर्चा गर्नु भएको थियो । डा. कार्कीले स्नातकोत्तरपछि नेपालको विकास दिगो रहोस् भनी सुनिश्चित गर्न निरन्तर अन्तर्राष्ट्रिय सहयोग र रणनीतिक योजनाको महत्वमा जोड दिनुभएको थियो ।

## ३. बालिका शिक्षा, सशक्तिकरण र संलग्नतारसहभागिता नीतिपत्र परामर्श छलफल



२८ अगष्ट २०२४, कन्सोर्टियम नेपालले गुड शेफर्ड इन्टर नेशनल फाउन्डेसन/ शुभ अवसर ग्राम नेपालको सहयोगमा शिक्षाविद् र अनुसन्धानकर्ता समूहसँग परामर्श कार्यक्रम सम्पन्न भएको छ । छलफलमा बालिका शिक्षा, सशक्तिकरण र उनीहरुको संलग्नता र सहभागिताको वर्तमान अवस्था, बालिका शिक्षा, सशक्तिकरण र उनीहरुको संलग्नतारसहभागितामा खाडल (कहाँ र के छ?), समस्या वा चुनौतीहरु, बालिका शिक्षा, बालिका शिक्षा, सशक्तिकरण र उनीहरुको

संलग्नतारसहभागिताका लागि जिम्मेवारी सबै बालिकाका लागि लागि समावेशी, गुस्तरीय शिक्षाको सुनिश्चितता र आजीवन सिकाइ प्रवर्धन, बालिकाहरुको समग्र सशक्तिकरण लगायत समावेशी र अर्थपूर्ण संलग्नतारसहभागिताका लागि मुख्य सुझावरसिफारिसहरुहरुको बारेमा खुल्ला छलफल भएको थियो । कार्यक्रममा विभिन्न शैक्षिक र खोज तथा अनुसन्धानका क्षेत्रमा आबद्ध व्यतित्वहरुको सहभागिता रहेको थियो । परामर्श कार्यक्रमको सहजीकरण बाल अधिकारकर्मी विष्णुबहादुर खत्रीले गर्नुभएको थियो ।



## प्रादेशिक गतिबिधि

### १. कन्सोर्टियम नेपाल, वाग्मती प्रदेशको बैठक सम्पन्न

२ अगस्ट २०२४ कन्सोर्टियम नेपाल वाग्मती प्रदेशको बैठक कन्सोर्टियम नेपाल सचिवालयमा सम्पन्न भएको छ । बैठकको मुख्य छलफलको विषय बालबालिकाको सहभागितालाई केन्द्रमा राखेर जिल्लामा एउटा कार्यक्रम सञ्चालन गर्ने, साइबर सुरक्षामा बालबालिकाका लागि २ दिने प्रादेशिक आवासीय कार्यक्रम आयोजना गर्ने बारे छलफल गर्नु रहेको थियो । बैठकमा बागमती प्रदेशका विभिन्न सदस्य संघसंस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।



## राष्ट्रिय बाल सहभागिता दिवस विषेस

### १. श्रावण २५ गते आर्थात् “तेस्रो राष्ट्रिय बाल सहभागिता दिवस“ को अवसरमा भिडियो संदेश

तेस्रो राष्ट्रिय बाल सहभागिता दिवस“ को अवसरमा NNSWA Mahendranager Kanchanpur संस्थाका कार्यकारी निर्देशक र कन्सोर्टियम नेपालका कार्यसमिति सदस्य श्री अशोक बिक्रम जैरूद्वारा सन्देश सम्प्रेषण गरिएको थियो। उँहाले बालसहभागिताको क्षेत्रमा नेपालले लामो समयबाट काम गर्दै योगदान दिंदै आएको बताउनु भएको थियो। भिडियो संदेश मार्फत बालबालिकाहरुको सहभागिता सुनिश्चितताको लागि नेपाल सरकारको तिन वटै तहका सरकारले ध्यान र पहल गर्नु पर्ने कुरा बताउनु भएको थियो। तिनै तहका सरकारहरुले आफ्नो नीति निर्माण गर्ने क्रममा बाल सहभागितालाई प्राथमिकता दिनु पर्ने कुरा बताउनु भएको थियो ।

### २. तेस्रो राष्ट्रिय बाल सहभागिता दिवस विविध कार्यक्रम गरेर मनाइयो

ऐरावती गाउँपालिका र वडा नं २, ४, ५ र ६ का विद्यालयमा स्थानीय बासिन्दा, विद्यालयका बालबालिका, विद्यालयका शिक्षक तथा सरकारी कर्मचारीको सहभागितामा बाल सहभागिता कार्यक्रम सम्पन्न भएको थियो । सडक नाटक, गीत प्रतियोगिता, बाल सहभागितामा आधारित र्‍याली र विद्यालय वरपरको सरसफाई जस्ता विभिन्न क्रियाकलापमा बालबालिकाको सहभागिता गराउनु यस कार्यक्रमको मुख्य क्रियाकलापहरू रहेको थियो । बालबालिकालाई सशक्त बनाउनु, सचेतता बढाउनु, बाल विकासलाई समर्थन गर्नु र बाल अधिकारहरू

प्रोत्सहान गर्ने उद्देश्यका साथ कार्यक्रम सम्पन्न गरिएको थियो । यस बाल सहभागिता



दिवसलाई मध्यनजर गर्दै विद्यालय वरपरको सरसफाइ, वृक्षरोपण तथा सडक नाटक र गीत प्रतियोगिता जस्ता गतिविधिहरु संचालन गरिएको थियो ।

## ३. राष्ट्रिय बाल सहभागिता दिवसको अवसरमा देवचुलीमा हाजिरीजवाफ प्रतियोगिता सम्पन्न

देवचुली । राष्ट्रिय बाल सहभागिता दिवसको अवसरमा देवचुली १० मा हाजिरीजवाफ प्रतियोगिता गरिएको छ । जागृति बाल तथा युवा सरोकार नेपाल र जागृति बाल क्लव नेपालको आयोजना, क्यान्नलानको सहयोग तथा कन्सोर्टियम नेपाल र पृथ्वी माध्यमिक विद्यालयको समन्वयमा पृथ्वी माध्यमिक विद्यालयमा कार्यक्रम गरिएको हो



।हाजिरीजवाफ प्रतियोगिता ६ वटा सदन अनुसार समुह निर्माण गरिएको थियो । जसमा प्रत्येक समुहमा ४/४ जना गरि जम्मा २४ जनाको सहभागिता रहेको थियो । हाजिरीजवाफमा गणित, विज्ञान, खेलकुद, समसामयिक, स्वास्थ्य, बालबालिका तथा श्रव्यदृश्य सम्बन्धित ६ राउन्डमा विविध प्रश्नहरू सोधिएको थियो ।प्रतियोगितामा सोमबार समुहका रितिका रानाभाट, कृतिका न्यौपाने, दिसान्त भुसाल, सुन्दर रानाभाट प्रथम भएका छन् भने बिहीबार समुहका दिप्सिका भुसाल, विमोचन न्यौपाने, निशा पाण्डे, प्रसिद्ध भट्टराई द्वितीय भएका छन् । त्यसै गरि आइतबार समुहका सोनु वि.क., सिम्रन भुसाल, विराज केसि, अर्चिता आले तृतीय भएका छन् भने अन्जु न्यौपाने, राम न्यौपाने, आसिका बिक, स्नेहा न्यौपानेले सान्त्वना पुरस्कार प्राप्त गर्न सफल भएका छन् ।जागृति बाल क्लब नेपालका अध्यक्ष प्रितम कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा जागृति बाल तथा युवा सरोकार नेपालका कार्यक्रम अधिकृत राधा देवी बोटे प्रमुख आतिथ्यता रहेको थियो। त्यसै गरि पृथ्वी माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक डिलाराम भुसाल, शिक्षकशिक्षिकाहरु, विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको उपस्थितिमा शिक्षक विनोद पोखेलले कार्यक्रम संचालन गर्नु भएको थियो ।

## ४. बाल अधिकार समितिका पदाधिकारीहरूलाइ अभिभुखिकरण कार्यक्रम सम्पन्न

**रिलिफ नेपाल, सिन्धुली र वर्ल्ड भिजन इन्टरनेशनल नेपालको** साझेदारीमा सिन्धुली जिल्लाको गोलन्जोर गाउपालिका वडा नं. -३ र ६ मा बाल अधिकार समितिका पदाधिकारीहरूलाई बाल संरक्षण, घट्ना व्यवस्थापन र सिफारिस



संयन्त्र सम्बन्धी अभिभुखिकरण कार्यक्रम सम्पन्न भएको छ । यसैगरी फिक्कल गाउपालिका वडा नं.-३ मा २ दिने बालमैत्री स्थानीय शासन सम्बन्धी तालिम

सम्पन्न भएको छ । उक्त तालिममा निर्वाचित जनप्रतिनिधि, विद्यालय शिक्षक, बाल क्लबका पदाधिकारी, महिला स्वास्थ्य स्वयंसेविका लगायतका सरोकारवालाहरूको सहभागिता रहेको थियो । तालिममा सहभागीहरूले बालमैत्री आचारसंहिता निर्माण गर्नुको साथै २०८१ माघ मसान्त सम्ममा बालमैत्री वडा घोषणा गर्ने प्रतिबद्धता समेत गरेका थिए ।

गोलन्जोर गाउपालिका वडा नं. -३ र ६ लाई लाई बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि ९ वटा समुदाय स्तरीय बाल मैत्री स्थानीय शासन समिति गठन भएको छ र तीनपाटन वडा नं. - ४ मा २ वटा समुदाय स्तरीय बालमैत्री स्थानीय शासन समित गठन भएको छ ।


यसै गरी गोलन्जोर  गाउँपालिका वडा नं. -३ र ६ को २ वटा  विद्यालयमा विद्यालय स्तरीय बाल क्लव हरुलाई खेलकुद तथा शैक्षिक सामाग्री सहयोग गरिएको छ । फिक्कल गाउपालिका वडा नं. - ३ को १ वटा विद्यालय स्तरीय बालक्लबलाई खेलकुद र शैक्षिक सामाग्री सहयोग गरिएको छ ।

गोलन्जोर गाउपालिका वडा नं. - १ र फिक्कल गाउँपालिका वडा नं. -४ मा रूपान्तरण सहजकर्ताहरुको सहजिकरणमा फिक्कल वडा नं.-४ मा १ वटा र गोलन्जोर वडा नं. -१ मा २ वटा समुदाय स्तरीय बाल क्लब गठन भएको छ। तीनपाटन वडा नं. - ६ मा रूपान्तरण सहजकर्ताको अगुवाइमा ३ वटा बाल क्लब गठन भएको छ। यसै गरि, तीनपाटन गाउपालिका स्तरीय बाल सञ्जाल को बैठकले उक्त गाउँपालिका वडा नं.-४, ५, ६, ७, ८, १०, ११ को बाल दिवसको योजना निर्माण गरेको ।

तीनपाटन गाउँपालिका वडा नं. - ४ र १० मा बालमैत्री सन्देश, बाल बिबाह, राम्रो छुवाइ र नराम्रो छुवाइ जस्ता सन्देशमूलक भित्तेलेखन कार्य सम्पन्न साथै तीनपाटन वडा नं.-७ मा बाल अधिकार समिति गठन भएको छ ।

## तेस्रो बाल सहभागिता दिवस भव्य रुपमा मनाउन अनुरोध !!

## बाल सहभागिता दिवस २०८१


DAO Registration No. 131-2070
SWC Affiliation No. 37795

बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम–नेपाल)
CONSORTIUM OF ORGANIZATIONS WORKING FOR CHILD PARTICIPATION (CONSORTIUM–NEPAL )

मिति : २०८१ साउन २१ गते

श्री अध्यक्षज्यू एवं प्रमुखज्यू
सदस्य संस्था, कन्सोर्टियम नेपाल

विषय : तेस्रो राष्ट्रिय बाल सहभागिता दिवस भव्य रुपमा मनाउने सम्बन्धमा ।

महोदय,

सर्वोच्च अदालतले मिति २०५८ श्रावण २५ गते बालबालिकाको संगठित हुन पाउने अधिकारलाई कानुनी मान्यताको लागि फैसला गरको यहां सबैलाई अवगत नै छ । यसै अवसरलाई लिएर कन्सोर्टियम नेपालले उक्त दिनलाई राष्ट्रिय बाल सहभागिता दिवसको रुपमा मनाउदै आएको छ । राष्ट्रिय बाल सहभागिता दिवस २०७९ साउन २५ गतेका दिन देखि मनाउन थालिएको हो ।

यसै सन्दर्भमा, उक्त दिवस मनाउनको लागि आफ्नो कार्यक्षेत्रमा निम्न सम्भावित कार्यक्रमहरु आयोजना गरी यस बर्षको राष्ट्रिय बाल सहभागिता दिवस भव्य रुपमा मनाउनु हुन यहाँहरु सम्पूर्णलाई हार्दिक अनुरोध गर्दछौ :

१. स्थानीय तहमा बाल सहभागिता सुनिश्चितताका लागि स्थानीय जनप्रतिनिधिहरु, जिल्ला समन्वय समिति लगाएत कार्यालयसँग समन्वय बैठक आयोजना एवं ज्ञापन-पत्र हस्तान्तरण ।

२. रेडियो, टेलिभिजन, फेसबुक, युट्युब जस्ता माध्यम प्रयोग गरि बाल सहभागिता बारे सामाग्रीहरुको संप्रषण ।

३. पालिका स्तरिय बाल सहभागिता कार्यविधि तथा प्रादेशिक बाल सहभागिता कार्यविधि निर्माणका लागि सम्बन्धित पालिका तथा मन्त्रालयहरुसँगको समन्वय बैठक आयोजना एवं ज्ञापन-पत्र हस्तान्तरण ।

४. कन्सोर्टियम नेपालको औपचारिक फेसबुक पेज मार्फत प्रेशित हुने राष्ट्रिय बाल सहभागिता दिबस सम्बन्धी नारा, फ्लाएर, भिडियो सन्देश आदिलाई संस्थागत सामाजिक सञ्जाल मार्फत सेयर तथा संप्रेषण ।

५. स्थानीय तथा प्रादेशिक तहमा बालबालिकाकै नेतृत्वमा बाल सहभागिता प्रवर्द्धन गर्ने विविध गतिविधिहरु ।


*नोट : यी माथि उल्लिखित गतिविधिहरु बैठकमा छलफलका क्रममा आएका गतिविधिहरु हुन् । यद्यपि यसलाई संस्थाको क्षमताका आधारमा सिमित गर्नुपर्छ भन्ने बाध्यता रहने छैन । साथै, आवश्यकताका आधारमा अन्य गतिविधिहरु पनि आयोजना गर्न सकिनेछ ।*

सन्तोष महर्जन
अध्यक्ष

अनिता पाण्डे
महासचिव

बाल सहभागिता : संविधानदेखि व्यवहारसम्म

## भावपुर्ण श्रद्धाञ्जली!




## २५ औं साधारण सभाको सुचना !




## कन्सोर्टियम नेपालले अगष्ट २०२४-मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण

| क्र.सं. | कार्यक्रम | आयोजक |
|---|---|---|
| १ | August 5, 2024: Memorandum Handover to Ministry of Women Children and Senior Citizen | CZOP |
| २ | August 16, 17: National | NACG |

| | | |
|---|---|---|
| | Consultation on Child Labor, Child Marriage and Online Safety | |
| ३. | बालश्रम अन्त्यका लागि नीति संवाद | CWISH |

**संयोजन :** उषा कार्की ,कार्यक्रम अधिकृत, कन्सोर्टियम नेपाल

**थप जानकारीका लागि सम्पर्क :**


**कन्सोर्टियम नेपाल**

शंखमुल, काठमाडौं

सम्पर्क नं. : ०१-४७९१३२७

इमेल : participation.consortium@gmail.com